# सैनामैना नगरपालिकाको

नगरसभामा प्रस्तुत

आ.व. २०७५/७६ को

# नीति तथा कार्यक्रम

**नगर कार्यपालिकाको कार्यालय**

**बुद्धनगर, रुपन्देही**

**प्रदेश नं. ५**

**३ आषाढ , २०७५**

**गरिमामय नगरसभाका अध्यक्ष महोदय एवं, सभाका सदस्यज्यूहरु,**

सैनामैना नगरपालिकाको गरिमामय नगर सभामा आर्थिक वर्ष २०७५/७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित भएको छु । नेपालको संविधान जारी भई उक्त संविधानले व्यवस्था गरे बमोजिम हामी सैनामैना नगरपालिका स्थानीय सरकारको रुपमा रही आ.व. २०७४/७५ को वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनमा ल्याई सकेका छौं । आ.व. २०७४/७५ लाई आधार वर्ष तथा अनुभव र चुनौतीपूर्ण वर्षको रुपमा लिएको छु । यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै, जनआन्दोलनका घाईतेहरु, द्वन्द्वपीडितहरु तथा सम्पूर्ण ज्ञात अज्ञात व्यक्तिहरुको योगदानलाई उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु ।

अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा सैनामैना नगरपालिकाको आर्थिक समृद्धि र स्थानीयस्तरमा लोकतन्त्रको अभ्यासको क्रममा सहयोग गर्नुहुने राजनीतिक दलहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार जगत तथा सैनामैना नगरवासीहरु प्रति धन्यवाद ज्ञापन गर्दछु ।

सभाध्यक्ष महोदय,

**"सुखी सैनामैनाबासी र समृद्ध सैनामैना नगरपालिका"** भन्ने नारालाई साकार पार्नको लागि प्रत्यक्ष जनसहभागिता अभिवृद्धि गर्दै मागमा आधारित यस क्षेत्रको भौगोलिकता अनुरुपका उत्पादनमूलक कार्यक्रम तथा विकासका योजनाहरु सञ्चालन गरी सफा तथा आधुनिक शहरी सुविधा सहितको

व्यवस्थित नगर बनाउने तर्फ आर्थिक वर्ष ०७५/७६ को नीति तथा कार्यक्रमहरु निर्देशित हुनेछन । सो को लागि निम्न नीतिहरु अवलम्बन गरिनेछ ।

१. आर्थिक वर्ष २०७५/७६ लाई **"समृद्धिको इतिहास रच्ने आधार वर्ष"** बनाउने गरी कार्यक्रहरु सञ्चालन गरिनेछ ।

२. आर्थिक वर्ष ०७५/७६ मा सैनामैना नगरपालिकाको नगर गुरुयोजना तर्जुमा गरी नगरको अल्पकालिन, मध्यमकालिन तथा दीर्घकालिन बिकासका लक्ष्यहरु निर्धारण गर्ने कार्य सम्पन्न गरिनेछ । नगर गुरुयोजनाको आधारमा योजनाहरुको प्राथामिकताक्रम निर्धारण गरेर ३०/३० करोड भन्दा बढीका दुईवटा मेघा प्रोजेक्टको सम्भाव्यता अध्ययन गरी कार्य आरम्भ गरिनेछ । आम जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने भूमिको व्यवस्थित तथा वैज्ञानिक उपयोग गर्ने वातावरण तयार पार्नका लागि नगरको भू-उपयोग योजना निर्माण गर्ने कार्य तत्काल अगाडि बढाइनेछ ।

३. कृषि क्षेत्रको विकास बिना सैनामैना नगरपालिकाको समृद्धि सम्भव नभएकोले यस नीति तथा कार्यक्रममा कृषि क्षेत्रलाई पहिलो प्राथमिकता दिई कृषि क्षेत्रमा लगानीमैत्री वातावरण सृजना गरी आत्मनिर्भर बनाउनेतर्फ विशेष जोड दिइनेछ । स्वरोजगार र उद्यमशिलता अभिवृद्धि गरी सैनामैनावासीहरुको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूती गराउने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

४. **"उत्पादन गरौं आत्मनिर्भर बनौं"** भन्ने अभियानलाई साकार पार्न कृषि उत्पादकत्व वृद्धि गर्न कृषि कार्यमा सुधार, बजारीकरण, यान्त्रिकरण, एकीकृत वैज्ञानिक कृषि प्रणाली लागु गर्दै करार, सहकारी तथा सामुहिक खेतिलाई प्रोत्साहन गरिनेछ । कृषियोग्य जमिनको चक्लावन्दि गरी

व्यवस्थित गर्न गैरकानुनी खण्डिकरणलाई प्रतिबन्ध गर्ने गरी नीतिगत व्यवस्था गरिने छ । नगरपालिका भित्र स्थापना भई सञ्चालनमा रहेका एकै प्रकृतिका सहकारी संस्थाहरुलाई सेवा क्षेत्रलाई आधार बनाई मर्ज गर्ने नीति लिइनेछ । प्रत्यक्ष कृषि तथा दुग्ध उत्पादन सँग सम्बन्धित सहकारीहरुलाई व्यवसाय नवीकरण दस्तुर छुट र अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

५. कृषि तथा पशुपालनमा युवा कृषकहरुलाई प्रोत्साहन गर्न निर्वाहमुखि कृषि प्रणालीलाई क्रमशः विस्थापित गरेर व्यवसायिक कृषि प्रणालीको विकास तर्फ आकर्षित गर्ने नीति लिइनेछ । कृषि उपज, फलफूल, पशुपन्छीजन्य, दुग्धजन्य तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाउन प्राविधिक सहयोग उपलब्ध गराई पकेट क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ । साथै अर्गानिक कृषि उत्पादनलाई प्रोत्साहित गर्दै बुटवल उपमहानगरपालिकासँगको सहकार्यमा २५ विघाहामा सैनामैना नगरपालिका वडा नं. १ कर्साघाटमा प्रदेशस्तरको कृषि अनुसन्धान केन्द्र एवम् सित गोदाम (Cold Store) निर्माण कार्य आरम्भ गरिनेछ ।

६. भूमिको उत्पादकत्व वृद्धि गर्न कृषियोग्य जमिनलाई बाँझो राख्न नपाइने व्यवस्था गरिनेछ । कृषि तथा पशु विमाका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

सभाध्यक्ष महोदय,

७. मठ मन्दिर, डिउहार, कोटिया थान, मस्जिद, गुम्बा, चर्चहरुको संरक्षण तथा सम्बर्द्धन गर्दै नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय गन्तव्यको पहिचान र विकासका लागि ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण गरी पर्यटन प्रवर्द्धन गर्न पूर्वाधार निर्माण तथा प्रचार प्रसारमा जोड दिइनेछ ।

८. लुम्विनी आउने पर्यटकहरु सैनामैना भित्र भित्र्याउन बुद्ध सर्किट सम्बन्धी अवधारणालाई कार्यान्वयन गर्न लुम्बिनी विकास कोषसँग समन्वय गरी आवश्यक ब्यवस्था मिलाइनेछ । इतिहासविद, संस्कृतिविद तथा पर्यटनविद सहितको गठित कार्यदलको समन्वयमा सैनामैना क्षेत्रको अध्ययन अनुसन्धान गरि ऐतिहासिक, पुरातात्विक तथा सास्कृतिक मूल्यहरुको पहिचान, संरक्षण र विकास गरिनेछ । नेपाल सरकारको सहयोगमा बुद्धकालिन ऐतिहासिक शहरमा पाइएका पुरातात्कि महत्वका मुर्ति र वस्तुहरु एकीकृत गरी प्रदर्शनको लागि सैनामैना वडा नं. १ को बाह्र विघा जग्गामा संग्राहलय निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

९. लुम्बिनी परिपथ परिक्रमा कार्यक्रमलाई व्यवहारमा रुपान्तरण गर्न सैनामैना नगरपालिका र अन्य स्थानीय तहसँगको सहकार्यमा सुविधा सम्पन्न नगरबस सञ्चालनमा ल्याउन प्रक्रिया अघि बढाइनेछ । यस सेवाबाट उच्च शिक्षा हासिल गर्ने विद्यार्थीहरु तथा सर्वसाधारणहरुलाई यातायात सुविधा पुग्ने अपेक्षा गरिएको छ । नगरभित्र सञ्चालित तीन पाङ्ग्रे सवारीसाधनलाई व्यवस्थापन गर्ने नीति लिइनेछ ।

१०. पर्यटन पूर्वाधार निर्माण र प्रचार प्रसार गर्न सैनामैना नगरपालिका वडा नं. २ मा थारु होमस्टेको सभाहल सञ्चालनको प्रक्रियामा रहेकोछ । होमस्टे सञ्चालन गर्न चाहने स्थानीय समुदायलाई पाहुना घर निर्माण गर्न प्रोत्साहान गर्ने नीति लिइनेछ । यस नगरमा आदिवासीको रुपमा बसोबास गर्दै आएका थारु समुदायको संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न थारु संग्राहलय निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ । उद्योग बाणिज्य संघ तथा व्यापार संघबाट प्रत्येक वर्ष हुदै आएका कृषि तथा प्रर्यटन महोत्सव, भड्छा महोत्सव, आदिवासी जनजाती महोत्सव र माघी मेलाको संचालनको लागि दिदै आएको आर्थिक सहयोगलाई निरन्तरता दिइनेछ ।

११. नगरपालिका भित्र नगर गुरुयोजनाले इङ्गित गरेको स्थानमा पूर्वाधार सहितको औद्योगिक क्षेत्र स्थापनाको कार्य अगाडि बढाइनेछ । घरेलु तथा साना उद्योग स्थापनामा जोड दिदै स्थानीय स्तरमा उत्पादित बस्तुहरुलाई बजारीकरणको उचित व्यवस्थापन गरी दिगो आर्थिक वृद्धि हासिल गर्ने नीति लिइनेछ ।

१२. नगरपालिकालाई समृद्ध बनाउन आवश्यक पर्ने बजेट रकम जुटाउन राजस्वको दायरा फराकिलो पारिनेछ । जसको लागि आर्थिक वर्ष २०७५/७६ देखि नगरपालिका क्षेत्रमा एकीकृत सम्पत्ति कर लागु गरिनेछ । करदाता शिक्षा तथा विशेष कर अभियानहरु संचालन गरि नगरपालिकाभित्र सवैभन्दा बढी कर तिर्ने करदातालाई सम्मान गर्ने कार्यक्रम ल्याइनेछ । आर्थिक विकासको मेरुदण्डको रुपमा रहेको निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति व्यवहारिक रुपमा अवलम्वन गर्न सार्वजनिक निजी सहकारी साझेदारी अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

सभाध्यक्ष महोदय,

१३. **"प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षा सैनामैनाको प्रतिबद्धता"** भन्ने नारालाई साकार पार्न शिक्षा क्षेत्रमा सुधारका अभियान शुरु भइसकेको छ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयका प्राद्यानाध्यापक र विषय शिक्षकहरुसँग कार्यसम्पादन करार गरी कार्य सम्पादनलाई प्रभावकारी बनाउने कार्यको थालनी गरिएको छ । शिक्षाको गुणस्तर सुधारमा चालिएको प्रारम्भिक कदमले सरकारी विद्यालयहरुको गुणस्तर उल्लेखनिय रुपमा सुधार हुने अपेक्षा गरिएको छ ।

१४. कक्षा ५, ८, १० र १२ को वोर्ड परिक्षाहरुमा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालयहरुलाई उपलब्धीको अधारमा विशेष अनुदानको व्यवस्था गरिनेछ । तोकिएको न्यूनतम सिकाई उपलब्धी हासिल नगर्ने विद्यालयहरुको थप अनुदान कटौति गरिनेछ । आफूले अध्यापन गर्ने विषयमा नगरस्तरमा उत्कृष्ट नतिजा हासिल गराउने विषय शिक्षकहरु मध्ये तहगत रुपमा उत्कृष्ट शिक्षक छनोट गरी **"वर्ष शिक्षक"** घोषणा गरी पुरस्कृत गरिनेछ ।

१५. सैनामैना क्षेत्रभित्र सामुदायिक र संस्थागत विद्यालयको बीचमा स्वस्थ प्रतिस्पर्धाको बातावरणको सिर्जना गर्ने नीति लिइनेछ । विद्यालय भर्नादर बढाउन तथा विद्यालय छाडने दर घटाउनका लागि अति विपन्न वर्गका बाल-वालिकालाई प्रोत्साहन गरिनेछ । बालमैत्री स्थानीय शासन कार्यक्रम लगायत **"बालमैत्री विद्यालय, खैल्दै सिक्दै"** कार्यक्रमहरुलाई प्राथमिकता साथ लागु गर्न विद्यालयलाई प्रविधिमैत्री बनाईदै लगिनेछ ।

१६. उच्च शिक्षामा गुणस्तर प्राप्तिका लागि नगरभित्रका क्याम्पसहरुलाई प्रोत्साहन गरिनेछ । बिद्यालय शिक्षामा बिज्ञान तथा प्राविधिक शिक्षा संचालन गर्ने विद्यालयलाई प्रोत्साहन स्वरुप अनुदानको व्यवस्था गरिनेछ । विद्यालय छाडेका विद्यार्थीलाई विद्यालय फर्काउने र विद्यालय पढने उमेर नाघेकालाई प्राविधिक तथा व्यवसायीक सीप प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. **"शारीरिक, मानसिक, सामाजिक रुपमा स्वस्थ जन सैनामैनाको धन"** भन्ने नारालाई साकार पार्न स्थानीय तहमा एक अस्पताल बनाउने कार्यक्रम अनुरुप यस नगरपालिकामा सुविधा सम्पन्न अस्पताल निर्माण गर्न पहल गरिनेछ । नगरपालिका, नेपाली सेना र स्थानीय समुदायसँगको सहकार्यमा यसै बर्ष सर्पदंश अस्पताल निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

१८. स्वास्थ्य विमा सम्बन्धी कार्यक्रम अर्न्तगत सवै नगरवासीको स्वास्थ्य विमा गराउन चेतनामूलक कार्यक्रम संचालन गरिनेछ । वनकट्टामा रहेको प्राकृतिक चिकित्सा केन्द्रलाई प्राकृतिक तथा आयुर्वेदिक अस्पतालको रुपमा सञ्चालनमा ल्याउन आवश्यक पहल गरिनेछ । भइरहेको शहरी स्वास्थ्य केन्द्रलाई व्यवस्थित गर्दै थप शहरी स्वास्थ्य केन्द्र स्थापनामा जोड दिइनेछ । महिला स्वास्थ्य स्वयंसेविकाको कामलाई थप जिम्मेवार र उत्तरदायी बनाउन कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१९. नगरपालिका भित्र रहेका निजी तथा सामुदायिक स्वास्थ्य संस्थाहरुको सञ्चालनलाई व्यवस्थित र गुणस्तरीय बनाउने नीति लिइनेछ । स्वास्थ्य सेवा प्रदायक सार्वजनिक निजी र सामुदायिक संस्थाहरुसँग सहकार्य गरी आमा तथा नवजात शिशुको स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ । पर्रोहा बर्थिङ्ग सेन्टरमा सञ्चालित २४ घण्टे प्रसुति सेवालाई थप व्यवस्थित बनाउदै लगिनेछ । सुरक्षित गर्भपतन, मुटुरोग, क्यान्सर, मधुमेह, रक्तचाप र क्षयरोग जस्ता रोगहरुको सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. नगरपालिकाका सम्पूर्ण नगरवासीहरुलाई सफा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउन **"एक घर एक धारा"** कार्यक्रम सहित २ वर्ष भित्र सबै नगरबासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउने गरी प्राथमिकताकासाथ कार्य अगाडि बढाइनेछ ।

२१. **"सफा घर, टोल र शहर सैनामैनावासीको एउटै रहर"** भन्ने नारालाई सार्थक बनाउन २०७५ साल जेठ ६ गते देखि फोहरमैलाको अल्पकालिन व्यवस्थापनको शुरुवात भइसकेकोले यसलाई थप व्यवस्थित गर्दै लैजाने नीति लिइनेछ । आर्थिक वर्ष २०७५/७६ भित्र आवश्यक जग्गाको व्यवस्था गरी फोहरको दीर्घकालिन व्यवस्थापनका लागि रिसाइक्लिङ र कम्पोष्टिङ

सहितको ल्याण्डफिल साइटको अध्ययन र तयारीको कार्य शुरु गरिनेछ । साथै फोहरलाई कम्पोष्ट मलमा रुपान्तरण गर्ने कार्यलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२२. नगरपालिका क्षेत्रभित्र पूर्व-पश्चिम लोकमार्गको सडक अधिकार क्षेत्रको ८२ फुटले ओगटेको क्षेत्र भित्र सम्बन्धित घडेरी धनीले खाल्टा खुल्टी पुर्ने तथा घरधनीहरु, टोल विकास संस्था, खानेपानी समितिहरु, शैक्षिक संस्थाहरु, सामाजिक संघ-संस्था, क्लब आदि संस्थाहरुको सहकार्यमा सघन सरसफाई अभियान संचालन गरिनेछ ।

२३. निजी क्षेत्रसँगको साझेदारीमा व्यस्त सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माणको व्यवस्था मिलाउने नीति लिइनेछ ।

२४. **“सामाजिक न्याय र समताका लागि सकरात्मक विभेद”** को नीति अनुरुप हाल सञ्चालन हुदै आएको क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै एकल महिला, द्वन्द्वपीडित महिला, बेरोजगार तथा अति पिछडिएका र बिपन्न समुदायको लागि रोजगारमूलक तालिमको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ । सबै प्रकारका घरेलु हिंसामा परेका महिलाहरुलाई न्याय दिलाउन उच्च प्राथमिकता दिइनेछ । महिला प्रमुख भएको तथा महिलाहरुले आफ्नै पहलमा गठन गरी संचालन भइरहेका संघ संस्थाहरुलाई विशेष प्रोत्साहन गरिनेछ । अपांग र बाल लक्षित कार्यक्रमहरु सम्बन्धित लक्षित समुदायको परामर्शमा तय गरी प्रभावकारी रुपमा लागु गर्ने नीति लिइनेछ ।

२५. बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी परिचयपत्रको आधारमा थप सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

२६. समाजमा सकारात्मक सोंचको विकास गरी शान्ति र अमनचैन कायम गर्न, नेतृत्व तथा व्यक्तित्व विकासका लागि योग, ध्यान जस्ता कार्यक्रमहरु संचालन गर्न समुदायलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२७. सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई अझ सरलीकृत र प्रभावकारी बनाइनेछ । जेष्ठ नागरिकको भावनालाई कदर गर्दै सार्वजनिक निजी साझेदारीको माध्यमबाट उपयुक्त तीन स्थानमा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्ने नीति लिइनेछ । हरेक वर्ष जेष्ठ नागरिकहरुलाई गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२८. स्थानीय क्लब, आमा समूह, समुदाय र सुरक्षा निकायको सहकार्यमा समाजमा समस्याको रुपमा देखिएको लागु पदार्थ सेवन र दुर्व्यसन न्युनिकरणका लागि प्रभावकारी क्रियाकलाप सञ्चालन गरिनेछ । बाल संरक्षण गृह, सुधार केन्द्र, रिफ्रेस सेन्टर स्थापना गरी सञ्चालन गर्न चाहने सामाजिक संस्था र निजी क्षेत्रलाई आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

सभाध्यक्ष महोदय,

२९. **"स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"** अभियानलाई मुर्तता प्रदान गर्न आ.व. २०७५/०७६ भित्र सैनामैना नगरपालिका वडा नं. ७ लमटैयामा गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट मैदानको डिपिआर तयार गरी निर्माण कार्य आरम्भ गरिनेछ । युवाहरुलाई खेलकुद तर्फ प्रोत्साहन गर्न गत वर्ष देखि शुरु गरिएको नगरस्तरीय मेयर कपलाई निरन्तरता दिइनेछ । नगरभित्र युवा तथा विद्यार्थीहरुलाई लक्षित गरी आश्विन र कार्तिक भित्र नगरस्तरीय खेल सप्ताह आयोजना गरिनेछ ।

३०. नगर गुरुयोजना अनुसार नगरपालिका क्षेत्रमा रहेका खेलकुद मैदानहरु मध्ये राष्ट्रिय, क्षेत्रीय र स्थानीय रङ्गशाला निर्माणका लागि उपयुक्त स्थानहरुको पहिचान गरी प्राथमिकताका आधारमा निर्माण कार्य अघि बढाइनेछ ।

३१. **“नगरको समृद्धिको आधार, फराकिलो र व्यवस्थित सडक पूर्वाधार”** भएकाले सडक निर्माण तथा बिस्तार गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । नगरपालिकाका गौरवका योजना अन्तर्गत विस्तृत सर्भे तथा डिजाइन इष्टिमेट भइसकेका सडक तथा पुलहरुको निर्माण कार्य आरम्भ गरिनेछ । नगर यातायात गुरु योजनाको आधारमा स्तरोन्नती भएका कच्ची सडकहरुलाई क्रमशः कालोपत्रे गर्ने र सो बाहेकका मुख्य मुख्य सडकहरु र गाउँभित्रका परम्परागत सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ । यस क्षेत्रको गौरवको रुपमा रहेका योजनाहरुलाई बजेटको कमी हुन नदिने तथा समयावधि भित्रै सम्पन्न गर्ने कुरामा उच्च प्राथमिकताका साथ सम्पन्न गर्ने तर्फ आवश्यक पहल गरिनेछ । नगरपालिका क्षेत्र भित्र बनेका सडकहरुको नामाकरण गर्ने कार्य सम्पन्न गरिनेछ ।

लोकमार्ग र लोकमार्गसँग जोडिएका मुख्य मुख्य कालोपत्रे सडकहरुमा नेपाल सरकार, प्रदेश सरकार, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, नगरपालिका र स्थानीय समुदायको लागत सहभागितामा सौर्य सडकवत्ती जडान कार्य अगाडि बढाइनेछ ।

३२. पुर्व-पश्चिम लोकमार्गको बुटवल-कोठीपुलसम्मको खण्डलाई छ लेनको सडकमा विस्तार गर्न विस्तृत सर्भे डिजाइन अगाडि बढाउन नेपाल सरकार र प्रदेश सरकारसँग समन्वय गरिनेछ । निर्माण शुरु भएको सैनामैना चक्रपथलाई कालोपत्रे गर्नुका साथै बाँकी खण्डको स्तरोन्नति कार्य आ.व. २०७५/०७६ भित्र सम्पन्न गरिनेछ र नगरपालिकाको वडा

नं. १० र ११ लाई पनि चक्रपथको पूर्ण खण्डमा समावेश गरी अघि बढाउन पहल गरिनेछ ।

३३. सैनामैनावाट लुम्विनी प्रवेशद्धारका रुपमा रहेको मुर्गिया-लुम्बिनी सडकलाई बजेटको अभाव हुन नदिई आ.व. २०७५/७६ भित्र सम्पन्न गर्न सम्बन्धित निकायमा पहल गरिनेछ । धार्मिक तथा पर्यटकीय स्थानहरुमा जाने सडकहरुको पहिचान गरी कालोपत्रे गरिनेछ । प्रदेश र नगरपालिकाको सहकार्यमा मेजर सडक कालो-पत्रे गर्ने कार्यलाई निरन्तरता दिइनेछ । निर्माण कार्य शुरु भई गति लिन नसकेका कर्साघाट पुल जस्ता योजना तीव्र गतिमा अघि बढाउन पहल गरिनेछ ।

३४. पर्यटन प्रवर्द्धनको लागि कोशेढुङ्गाको रुपमा रहेको पूर्व सम्भाव्यता अध्ययन भइसकेको सैनामैना वडा नं. ३ मा अवस्थित लामीरहको बहुउद्देश्य बाँध एवम् जलाशय निर्माण योजनाको डिपिआर सम्पन्न गरी लगानी जुटाई निर्माण कार्य आरम्भ गरिनेछ ।

३५. सार्वजनिक निजी साझेदारी वा अन्य सहयोग पहिचान गरी नगरक्षेत्रभित्र स्विमिङ पुल सहितको आधुनिक वाटर फन पार्क निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

३६. नगरपालिका क्षेत्रभित्र रहेका परम्परागत कुलाहरु तथा नदीमा बाँध बाँधी हुदै आएको सतह सिंचाइको लागि निर्मित कच्ची कुलाहरु पक्की निर्माण गर्नको लागि एकीकृत रुपमा सम्भाव्यता अध्ययनको लागि कार्य अघि बढाइनेछ ।

३७. बिस्तृत सर्भे डिजाइन सम्पन्न भइसकेको सन्तानपुर सिंचाई योजनाको बाँध निर्माण प्रदेश योजनामा समाबेश गर्न पहल गरिनेछ । नगरपालिका क्षेत्रभित्र पर्ने कन्चन र दानव नदीमा जनताको तटबन्धमार्फत दोहोरो तटबन्धन सम्बन्धी डिपिआर सम्पन्न भइसकेको र बाँकी खोलाहरुमा

जलउत्पन्न प्रकोप नियन्त्रण कार्यालय र नगरपालिकाको साझेदारीमा दोहोरो तटबन्धनको गुरु योजना निर्माण कार्य सम्पन्न गरिनेछ। कर्साघाट शवदाह गृहलाई थप व्यवस्थित गर्नुको साथै वडा नं. ९ गुरुङ्गडाडामा रहेको शवगृहलाई समेत व्यवस्थित गरिनेछ।

३८. नगर भूउपयोग योजानाले तोकेका स्थानहरुमा भवन निर्माण संहिताले निर्धारण गरेको मापदण्ड अनुसार व्यवस्थित, सुन्दर र सुविधा सम्पन्न बस्ती निर्माण गरी स्मार्ट सिटि निर्माण गर्ने तर्फ जोड दिइनेछ। प्रदेश सरकारको सहयोगमा ५०० सिट क्षमताको नगरपालिकाको उपयुक्त स्थानामा नगर सभाहल निर्माण कार्यको थालनी गरिनेछ । प्रदेश सरकारको सहयोगमा सैनामैना ६ मा इन्डोर सहितको कवडहल निर्माणको कार्य अगाडि बढाइनेछ र वडा नं. ३ घमाहामा निर्माणाधिन कवडहललाई पुर्णता दिइनेछ। मुर्गिया र सालझण्डी बजारमा व्यवसायिक बहुउद्देश्यीय भवन निर्माणको लागि सम्भाव्यता अध्ययन गरिनेछ।

३९. नगरपालिका भित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको आधारमा रही बालमैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधात्मक, वातावरण तथा सरसफाईमैत्री र अग्नी सुरक्षित वनाइनेछ। सैनामैना भवन निर्माण संहिता समयानुकुल परिमार्जन गरी लागू गरिनेछ।

४०. नगर क्षेत्रमा बर्षौ देखि सार्वजनिक जमिनमा अव्यवस्थितरुपमा बसोवास गरिरहेका तर स्वामित्व नपाएका व्यक्ति तथा संघ-संस्थाहरुको व्यवस्थित बसोवास र स्वामित्व हस्तान्तरणको लागि कानूनी प्रकृया अघि बढाउन नेपाल सरकार र प्रदेश सरकारमा आवश्यक पहल गरिनेछ । साथै नगरभित्र नापि भईसकेका गाउँब्लक जग्गाहरुको जग्गाधनि दर्ता प्रमाणपत्र

वितरण गर्ने कार्य यसै आ.व. मा गरिनेछ र नापि हुन नसकेका यस्तै प्रकृतिका जग्गालाई यथाशिघ्र नापि गर्ने कार्यलाई पहल गरिनेछ ।

४१. श्रेष्ता अनुसारको फिल्ड र फिल्ड अनुसार श्रेष्ता नभएका जग्गाहरुको नापी कार्यालयसँग समन्वय गरी नाप जाँच गरी नक्शामा अभिलेख अद्यावधिक गर्ने कार्य प्रारम्भ गरिनेछ ।

४२. योजना निर्माण तथा सेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रम तथ्यमा आधारित वनाउन तथ्याङ्क आधार तयार गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

४३. नगर पार्श्वचित्र तयार गर्ने, घर नम्वरिङ गर्ने तथा घरधुरी सम्बन्धी सम्पुर्ण तथ्याङ्कहरु एकीकृतरुपमा संकलन गरी सफ्टवेयर प्रणालीमा राख्ने कार्य सम्पन्न गरिनेछ ।

४४. नगरको व्यवस्थित शहरीकरणका लागि भवन निर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न घरधनी, निर्माण व्यवसायी तथा डकर्मीहरुलाई चरणवद्धरुपमा उपलब्ध गराइएको तालिमलाई निरन्तरता दिइनेछ । यसरी तालिम लिएका व्यवसायीलाई मात्र नगरपालिकामा भवन निर्माणको अनुमति दिने व्यवस्था गरिनेछ । भवन निर्माण संहिता तथा भवन निर्माण मापदण्डको बारेमा व्यापक जनचेतना जगाउने कार्यक्रम ल्याइनेछ । निर्माण सम्पन्न भइसकेका तर भवन निर्माण संहिता र भवन निर्माण मापदण्ड अनुरुप नभएका भवनहरुलाई मापदण्ड अनुरुप बनाउन निश्चित समय दिई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

सभाध्यक्ष महोदय,

४५. जलवायु परिवर्तनले विश्वलाई नै चुनौति दिइरहेको वर्तमान परिप्रेक्षमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधिहरुलाई प्रोत्साहन गरिनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ ।

४६. **"सैनामैना बासीको चाहना, स्वच्छ, सफा र हराभरा नगर हाम्रो कामना"** अभियानलाई पूर्णता दिन यस क्षेत्रमा रहेका सार्वजनिक स्थल, नदि किनारहरुमा स्थान अनुकूलका वृक्षारोपण गर्ने नीति लिइनेछ । टोल विकास संस्था, स्थानीय समुदायको सहयोगमा सामुदायिक वन संरक्षण गर्न, वृक्षारोपण गरिएका बोट विरुवाहरु कटान हुन नदिन, जगंली जीव जन्तुको अवैध शिकार, चोरी निकासी तथा ओसारपसार रोक्न प्रभावकारी अनुगमन प्रणालीको विकास गरिनेछ ।

४७. मुर्गिया-लुम्बिनी, कलौनी-लुम्बिनी तथा सालझण्डी-ढोरपाटन सडक खण्डमा सडकको छेउछाउमा मध्यम खालको बहुवर्षिय **स्मृति वृक्ष** रोप्ने व्यवस्था मिलाइनेछ ।

४८. जीविकोपार्जनका लागि वनको अवधारणालाई सार्थक तुल्याउन नगरपालिका भित्र रहेका सामुदायिक र साझेदारी वनको वैज्ञानिक व्यवस्थापनमा जोड दिइनेछ ।

४९. नगरपालिका र सामुदायिक वनको सहकार्यमा सघन वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ । हरेक सामुदायिक वनले आफ्नै लगानिमा कम्तिमा एक हजार विरुवा र नगरपालिकाको सहयोगमा प्रत्येक सामुदायिक वन तथा पर्ती जग्गामा थप दुई सय विरुवा रोप्ने व्यवस्था मिलाइनेछ ।

५०. बढ्दो जनसंख्याको कारण नगरका सार्वजनिक स्थल र प्राकृतिक सम्पदाहरुको अतिक्रमण बढ्दै गएकोले यसलाई नियमन र नियन्त्रण गर्न प्रत्येक वडाका वडाध्यक्षको संयोजकत्वमा गठित सार्वजनिक जग्गा

संरक्षण उपसमितिलाई क्रियाशिल बनाई सम्बन्धित वडामा रहेको सार्वजनिक जग्गा, ताल, पोखरी, गौचरण लगायतका सार्वजनिक महत्वका क्षेत्रको संरक्षण तथा संबर्द्धन गरिनेछ । नगरपालिका भित्र खुला क्षेत्र तथा पार्कहरुको विकासलाई प्राथमिकता दिइनेछ । सबै पार्कहरुको गुरुयोजना तयार गरी पार्क निर्माण कार्य अगाडि बढाइनेछ ।

५१. **"विपद् न्यूनिकरणको लागि पूर्व तयारीमा जुटौं"** भन्ने अभियानलाई साकार पार्न विपद् व्यवस्थापन समितिलाई अझै प्रभावकारी बनाइनेछ । नगर विपद् प्रतिकार्य योजना बनाई नेपाली सेना, नेपाल प्रहरी, टोल विकास संस्था स्थानीय क्लब र रेडक्रससँग सहकार्य गरी विपद न्यूनिकरण एवम् व्यवस्थापनको क्रियाकलापलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । अन्तर स्थानीय तहको समन्वय र सहकार्यमा वारुणयन्त्र र विपद् जोखिम न्युनिकरणका सामाग्री सहितको **अन्तर स्थानीय तह विपद् व्यवस्थापन केन्द्र** स्थापना गरिनेछ ।

५२. हालसम्म पनि बिद्युत लाइन जडान नभएका स्थानहरुको पहिचान गरी ती स्थानहरुमा विद्युत लाइन जडानको व्यवस्था गरिनेछ । कतिपय स्थानहरुमा लाइन जडान भए पनि लो भोल्टेजको कारणले उत्पन्न हुने समस्या समाधान गर्न नेपाल विद्युत प्राधिकरण, विद्युत वितरण केन्द्र बुटवलसँग समन्वय गरी विद्युत आयातलाई नियमित गरिनेछ । बिद्युत क्षेत्रको समग्र समस्याहरुलाई एकीकृत रुपमा समाधान गर्ने गरी सैनामैना वडा नं. ९ मा शुरु गरिएको बिद्युत सब-स्टेशन निर्माण कार्य तिव्रताका साथ अघि बढाइनेछ ।

५३. हाल संयुक्त रुपमा सञ्चालनमा रहेका वडा कार्यालयहरुलाई आ-आफ्नै वडाबाट कार्य सञ्चालन हुने गरी सबै वडाको वडा केन्द्र तोकिनेछ । वडा कार्यालयको वडा भवन निर्माणको लागि विस्तृत ड्रइङ्ग डिजाइन गरी निर्माण प्रक्रिया अगाडि बढाइनेछ ।

५४. नगरवासीलाई आधारभूत सेवा सुविधा सहजतापूर्वक प्रदान गर्न संस्थागत क्षमता विकास गरिनुका साथै जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तालिम प्रदान गरिनेछ । नगरकार्यपालिकामा जनशक्ति पूर्ति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ । नगरपालिका केन्द्र र वडा कार्यालयहरुमा विद्युतीय हाजिरी तथा नागरिकलाई सूचना दिन मोवाइल एप्लिकेसनहरुको प्रयोगलाई प्रभावकारी बनाइनेछ । साथै नगरपालिकाका सवै वडा कार्यालयहरुमा उच्च क्षमताको इन्टरनेट जडान गरी केन्द्रसँग नेटवर्किङ गरिनेछ । पारदर्शिता तथा जवाफदेहिता कायम गरी नागरिकमैत्री सेवा प्रवाहको व्यवस्था गरिनेछ । नगरभित्र हुने आर्थिक कारोवारहरुमा आर्थिक अनुशासन कायम गरिनुका साथै भ्रष्टाचारमा शुन्य सहनशिलताको नीति लिइनेछ । नगरपालिकाबाट जनतालाई प्रदान गरिने सेवाहरुमा छिटो छरितो र प्रभावकारी बनाउन कम्प्युटरकृत सेवा प्रणालीको बिकास गर्दै लगिनेछ ।

५५. उपभोक्ताहरुको हितलाई मध्यनजर राखि गुणस्तरीय उपभोग्यवस्तुहरुको उपयोग र बिक्रिवितरण गर्ने कार्यलाई मर्यादित र व्यवस्थित गर्न बजार अनुगमनलाई नियमितता दिइनेछ ।

५६. नगरवासीलाई सुरक्षाको अनुभुति दिलाउन सुरक्षा निकायसँगको सहकार्यमा विभिन्न स्थानमा सि.सि.टि.भि. जडान गरिनेछ । समाजमा हुनसक्ने अपराधिक घटना नियन्त्रण गर्न सुरक्षा निकायसँग सहकार्य गरी आवश्यक कार्य अघि बढाइनेछ ।

५७. नगरपालिका भित्र रहेका टोल विकास संस्थाको क्षमता अभिवृद्धि गरी नगरपालिकाको विकास र जनचेतनामूलक कार्यमा प्रत्यक्ष सहभागी गराईनेछ । टोलको शान्ति सुरक्षाको स्थितीलाई मजबुत बनाउन र लागु औषध दुर्व्यसनलाई न्युनिकरण गर्न सुरक्षा निकायसँगको समन्वयमा टोल सुरक्षा समितिको गठन तथा परिचालन गर्ने नीति लिइनेछ ।

५८. सैनामैना नगरपालिका क्षेत्रभित्र जिल्ला समन्वय समिति मार्फत गठन भई सञ्चालनमा रहेका सामुदायिक विकास कोषहरुलाई एकीकृत गरी नगरस्तरीय एकल सामुदायिक विकासकोषको रुपमा सञ्चालन गर्न नीतिगत व्यवस्था गरिनेछ ।

५९. स्थानीय सरकारलाई प्रदत्त अधिकार क्षेत्रको अधिनमा रही विषयगत क्षेत्रका ऐन कानूनहरु तर्जुमा गर्ने कार्यलाई प्राथमिकतासाथ निरन्तरता दिइनेछ । सैनामैना नगरपालिकाको न्यायीक कार्यलाई प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ । न्यायीक निरुपणमा हुदै आएको अन्योलताको अन्त्य गरिनेछ । प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा मेलमिलाप तथा सहजकर्ता समिति गठन गरी उत्पन्न हुने विवादहरुलाई समाधान गरिनेछ । वडा स्तरबाट समाधन हुन नसकेका विवादहरुलाई नगरस्तरीय मेलमिलाप तथा सहजीकरण समिति मार्फत मेलमिलाप गराइनेछ । मेलमिलाप तथा सहजीकरण समिति मार्फत मिलापत्र गर्न नसेका विवादहरु न्यायीक समिति मार्फत न्याय निरुपण गरिनेछ । न्याय सम्पादनको कामलाई सहज बनाइनेछ ।

६०. सम्बन्धित वडाको वडा समिति र टोल विकास संस्थाहरुसँगको सहकार्यमा हाटबजारहरुको उचित व्यवस्थापन गर्ने कार्य अगाडि बढाइनेछ ।

आदरणीय सैनामैनाबासी जनसमूदायहरु,

**समृद्ध सैनामैना र सुखी सैनामैनाबासी** भन्ने नारालाई साकार पार्नका लागि माथिका नीति तथा कार्यक्रमहरु आधारको रुपमा रहनेछन् । यी कार्यक्रमहरुको सफल कार्यान्वयन नगरपालिकाबाट मात्र सम्भव नहुने भएको हुनाले यहाँ कृयाशील राजनीतिक दल, सरकारी कार्यालयहरु तथा गैर सरकारी निकायहरु तथा अविछिन्न उत्तराधिकारवाला सम्पूर्ण सामाजिक संघ-संस्थाहरु, पत्रकार जगत, नागरिक समाज सहित सम्पूर्ण सैनामैनाबासी आमा-बुवा, दाजुभाइ, दिदी-बहिनीहरुको रचनात्मक एवं सक्रिय सहयोगको अपेक्षा सहित अनुरोध गर्दछु ।

## धन्यवाद ! नमस्कार !!